संघीय संसद

राष्ट्रिय सभा

# विधायन व्यवस्थापन समिति

## नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६ सम्बन्धमा समितिको प्रतिवेदन

१. नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६ (यसपछि "विधेयक" भनिएको) को दफा ३ अन्तर्गत प्रस्तावित दफा ३ को अन्त्यमा देहाय बमोजिम उपदफा (३) थप्ने:-

"(३) परिषद्ले आवश्यकता अनुसार प्रदेशस्तरमा शाखा कार्यालय वा सम्पर्क कार्यालय स्थापना गर्न सक्नेछ ।"

२. विधेयकको दफा ४ को,-

(१) उपदफा (१) अन्तर्गत प्रस्तावित खण्ड (ग) मा रहेका "नेपाल सरकारबाट मनोनीत पाँचजना" भन्ने शब्दहरुको सट्टा "प्रत्येक प्रदेशबाट प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तको आधारमा नेपाल सरकारबाट मनोनीत कम्तीमा तीनजना महिला सहित सातजना" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (१) पछि देहाय बमोजिम उपदफा (२) थपी त्यसपछिको उपदफा क्रम मिलाउने:-

"(२) मूल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ङ) र (छ) को सट्टा देहायका खण्ड (ङ) र (छ) राखिएका छन् :-

"(ङ) नेपाल इन्जिनियर्स एसोसिएशनले निर्वाचन गरी पठाएका छजना इन्जिनियरहरु - सदस्य

(छ) प्रतिनिधि, इन्जिनियरिङ्ग विषय अध्ययन, अध्यापन गराउने विश्वविद्यालयमध्येबाट नेपाल सरकारबाट मनोनीत एकजना - सदस्य"

(३) साविक उपदफा (२) अब कायम हुने उपदफा (३) अन्तर्गत प्रस्तावित खण्ड (ज) मा रहेको "मनोनित" भन्ने शब्दपछि "कम्तीमा एकजना महिला सहित" भन्ने शब्दहरु थप्ने ।

विधेयकको दफा ६ को,-

(१) उपदफा (१) अन्तर्गत मूल ऐनको दफा ९ को खण्ड (ग) को सट्टा प्रस्तावित खण्ड (ग) मा रहेका "तोकिए बमोजिम परीक्षा लिई" भन्ने शब्दहरुको सट्टा "नाम दर्ता गर्ने प्रयोजनका लागि लिइने परीक्षाको पाठ्यक्रम तयार गर्ने, परीक्षा लिने र" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नेः-

"(२) खण्ड (घ) को अन्त्यमा रहेको पूर्णविराम चिन्ह "।" को सट्टा अल्पविराम चिन्ह "," राखी सो खण्डपछि देहायका खण्ड (ङ), (च), (छ) र (ज) थपिएका छन् :-

(ङ) इन्जिनियरिङ विषय अध्ययन, अध्यापन गराइने शिक्षण संस्थाहरुको पाठ्यक्रम, शैक्षिक मापदण्ड तथा परीक्षा प्रणाली सम्बन्धी नीतिको पुनरावलोकन र मूल्याङ्कन गरी सम्बन्धित विश्वविद्यालय र नेपाल सरकार वा सम्बन्धित प्रदेश सरकारलाई सिफारिस गर्ने,

(च) इन्जिनियरिङ विषय अध्ययन, अध्यापन गराइने शिक्षण संस्थाको विद्यार्थी भर्नाका आधार र शर्तहरु तथा शिक्षण संस्थाको भौतिक पूर्वाधार तोक्ने र अनुगमन तथा मूल्याङ्कन गरी सोको उल्लङ्घन गरेको पाइएमा त्यस्ता शिक्षण संस्थालाई प्रदान गरिएको स्वीकृति रद्द गर्न सम्बन्धित विश्वविद्यालयलाई सिफारिस गर्ने,

(छ) इन्जिनियरिङ व्यवसायीको हक, हित अभिवृद्धि गर्न अध्ययन, अनुसन्धान, गोष्ठी तथा अन्य आवश्यक कार्यक्रम गर्ने,

(ज) इन्जिनियरलाई व्यावहारिक अनुभव दिलाउन तालिम तथा प्रशिक्षण सञ्चालन गर्ने ।"

३. विधेयकको दफा ८ अन्तर्गत मूल ऐनको दफा १३ को सट्टा प्रस्तावित दफा १३ को सट्टा देहायको दफा १३ राख्नेः-

"१३. <u>दरखास्त उपर छानबिन</u>ः (१) दफा १२ बमोजिम दर्ता हुन आएका दरखास्तमा रजिष्ट्रारले आवश्यक छानबिन गरी यस ऐन बमोजिमको मापदण्ड पूरा गरेको देखिएमा सम्बन्धित दरखास्तवालाको नाम इन्जिनियरिङ व्यवसायी दर्ता परीक्षा सञ्चालन गर्ने प्रयोजनको लागि समिति समक्ष पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा कुनै कुरा अस्पष्ट भएमा रजिष्ट्रारले सो विषयमा सम्बन्धित दरखास्तवालासँग आवश्यक प्रमाण वा कागजात माग गर्न सक्नेछ ।"

५. विधेयकको दफा १२ अन्तर्गत मूल ऐनको दफा १८ को सट्टा प्रस्तावित दफा १८ को उपदफा (१) को खण्ड (ख) मा रहेका "तोकिए बमोजिमको व्यवसायिक" भन्ने शब्दहरुको सट्टा "व्यावसायिक" भन्ने शब्द राख्ने ।

६. विधेयकको दफा १५ अन्तर्गत प्रस्तावित,-

(१) दफा २१क. को,-

(क) दफाशीर्षकमा रहेको "प्रदान" भन्ने शब्दपछि "गर्न सिफारिस" भन्ने शब्दहरु थपी सोही दफाको उपदफा (१) मा रहेका "गर्नु गराउनु अघि परिषद् बाट समेत मान्यता प्राप्त गर्नुपर्नेछ" भन्ने शब्दहरुको सट्टा "गर्न नेपाल सरकार वा सम्बन्धित प्रदेश सरकारबाट मान्यता लिनु अघि परिषद्बाट सिफारिस लिनु पर्नेछ" भन्ने शब्दहरु राख्ने ।

(ख) उपदफा (२) मा रहेको "मान्यता" भन्ने शब्दको सट्टा "सिफारिस" भन्ने शब्द राख्ने ।

(ग) उपदफा (३) मा रहेका "प्रदान गर्न" भन्ने शब्दहरुपछि "सिफारिस गर्न" भन्ने शब्दहरु थप्ने।

(२) दफा २१ख. को सट्टा देहायको दफा २१ख. राख्नेः-

"२१ख. <u>मान्यता रद्द गर्न सिफारिस गर्न सक्ने</u>ः परिषद्ले दफा २१क. बमोजिमका शिक्षण संस्थाले पाठ्यक्रम, विद्यार्थी भर्नाका आधार, भौतिक पूर्वाधार तथा शैक्षिक मापदण्ड पालना गरेको नदेखिएमा परिषद्ले तोकिए बमोजिम मान्यता रद्द गर्न नेपाल सरकार वा सम्बन्धित प्रदेश सरकारलाई सिफारिस गर्न सक्नेछ ।"

७. विधेयकमा दफा १७ थप गरी त्यस पछिका दफाक्रम मिलाउनेः-

"१७. <u>मूल ऐनमा दफा २९क. थप</u>ः मूल ऐनको परिच्छेद-७ को शीर्षकपछि देहायको दफा २९क. थपिएको छः-

"२९क. <u>व्यावसायिक आचार संहिता पालना गर्नु पर्ने</u>ः इन्जिनियरिङ व्यवसायीले देहाय बमोजिमका व्यावसायिक आचार संहिता पालना गर्नु पर्नेछः-

(क) बदनियत चिताई कुनै पनि काम गर्न, गराउन हुँदैन,

(ख) कुनै काम गर्दा लापरबाही वा हेलचेत्र्याइँ गर्न, गराउन हुँदैन,

(ग) कुनै परीक्षण गर्दा झुट्टा वा गलत प्रतिवेदन वा तथ्यभन्दा फरक पर्ने गरी प्रतिवेदन तयार गर्न वा सिफारिस गर्न, गराउन हुँदैन,

(घ) तोकिए बमोजिमका अन्य कुराहरु।"

८. विधेयकको साविक दफा १७ अब कायम हुने दफा १८ को,-

(१) उपदफा (२) अन्तर्गत मूल ऐनको दफा ३० को उपदफा (२) पछि थप्न प्रस्तावित उपदफा (२क) मा रहेका "शिक्षण संस्था" भन्ने शब्दहरुपछि "सञ्चालन" भन्ने शब्द थप्ने ।

(२) उपदफा (४) अन्तर्गत मूल ऐनको दफा ३० को उपदफा (३) पछि थप्न प्रस्तावित उपदफा (४) मा रहेका "दफा ९ को खण्ड (घ) बमोजिमको" भन्ने शब्दहरु झिकी सोही उपदफामा रहेका "आचार संहिताको" भन्ने शब्दहरुपछि "उल्लङ्घन" भन्ने शब्द थपी सोही उपदफाको खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखेः-

"(क) सचेत गराउने, "

(३) उपदफा (४) पछि देहायको उपदफा (५) थप्नेः-

"(५) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(५) उपदफा (४) को खण्ड (ग) बमोजिम दर्ता किताबबाट नाम हटाइएको इन्जिनियरले प्रचलित कानून बमोजिम कारबाही हुने कुनै काम गरेको रहेछ भने त्यस्तो इन्जिनियरलाई प्रचलित कानून बमोजिम कारबाही गर्न सकिनेछ ।"

९. विधेयकको दफा २० झिक्ने ।

(मनोजकुमार गिरी)
सचिव

(परशु राम मेघी गुरुङ)
सभापति

मिति : २०७६/०९/०१